# पशु आहारा बिकास राष्ट्रिय अभियान ( फोरेज मिसन ) कार्यक्रम

डा. वंशी शर्मा
प्रमुख पशु विकास अधिकृत
राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र
हरिहरभवन ।

नेपाल कृषि प्रधान देश हो । यहांको ६६% जनता रोजगारीको लागी श्रम शक्ति कृषिमा नै खर्च गर्छन् । राष्ट्रिय ग्राहर्स्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान ३६% छ । पशुपालन क्षेत्र कृषिको अभिन्न अंग हो । कृषि GDP को २७% योगदान पशु सेवा क्षेत्रवाट प्राप्त हुन्छ । पशुपालन क्षेत्रमा आधुनिक प्रविधिको विस्तार, सधन पशु पालन, पशु विमा, ऋण प्रवाह, नश्ल सुधार कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, मुल्य श्रृंखलामा बजारीकरण, चरन तथा पशु आहारा विकास समुचित ढंगमा गराउने चुनौती छ ।

नेपालको १२% जमिन चरन क्षेत्रले ढाकेको छ । नेपालमा १७,६६,००० हे. चरन क्षेत्र छ । यस्को अलावा आ.ब. ०६९।७० वाट Forage Mission संचालन गरी ४५,००० हे., थप भूमिमा घांस विकास गर्ने लक्ष्यका साथ देश अगाडी वढेको अवस्था छ । निम्नानुसारको जिल्लामा मिसन कार्यक्रम संचालन भई राखेको अबस्था र हुने अबस्थामा छ ।

आ.व. २०७०/७१ (२५ जिल्ला)

पूर्वान्चल- झापा, मोरङ., सुनसरी, सप्तरी, सिरहा ।
मध्यमान्चल- धनुषा, महोत्तरी, सर्लाही, बारा, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ, काभ्रे, रामेछाप
पश्चिमान्चल- नवलपरासी, रुपन्देही, कपिलबस्तु, तनहूँ, कास्की ।
मध्यपश्चिमान्चल- बाँके, बर्दिया, दाङ. ।
सुदुरपश्चिमान्चल- कैलाली, कंचनपुर ।

आ.व. २०७१/२०७२ (१० जिल्ला)

पूर्वान्चल - इलाम ।
मध्यमान्चल- धादिङ., रौतहट, सिन्धुली, पर्सा, ललितपुर, भक्तपुर ।
पश्चिमाञचल - पाल्पा, बागलुङ. ।
मध्यपश्चिमान्चल- सुर्खेत ।

आ.व. २०७२/२०७३ (५ जिल्ला)

पूर्वान्चल - धनकुटा, उदयपुर ।

पश्चिमान्चल -गोरखा, स्याङ.जा, अर्घाखाची ।

आ.ब. २०७०।७१ वाट २५ जिल्लामा घांसमा आधारीत पशु पालनलाई व्यवसायीकरण गरी दुध तथा दुग्ध जन्य पदार्थमा आत्मानिर्भर हुने र रांगो, भैसी तथा बाखाको मासुको आयात प्रतिस्थापन गर्ने लक्ष्य छ । हाल दैनिक ४ लाख लि. झोल दूधको न्यूनिकरणलाई भारतवाट आयात गरी पूर्ती गरीएको अवस्था छ । विगत आ.ब. सम्ममा जन्मिएका ३ लाख बाच्छ /बाच्छी, पाडा /पाडीलाई थप आहारा जुटाउन प्रत्येक बर्ष ७,६०० हे. थप क्षेत्रमा हिउंदे, बर्षे घांस रोपिंदै छ । ५ बर्षको फोरेज मिसन आयोजना भर थप ४५,००० हे. भूमीमा घांसखेती हुनेछ । हिउंदे घांसमा जई, बर्षिम र भेच नै प्रमुख छन् । मिसन लागु भएका प्रत्येक जिल्लामा १५० हे. जई र भेच र ३० हे. मा बर्षिम लगाईने छ । यसरी नै वर्षायाममा हुने बहुवर्षिय घांसखेतीमा स्टाइलो, मुलाटो, सेटेरिया, वदामे, पास्पालम, नेपियरलाई वढवा दिने छ ।

आयोजनाको दोस्रो वर्ष १० जिल्ला थपी ३५ जिल्ला र तेश्रो वर्ष ५ जिल्ला थपी ४० जिल्लामा कार्यक्रम संचालन हुनेछ । कृत्रिम गर्भाधान राष्ट्रिय अभियानको पूरकको रुपमा घांसेबाली राष्ट्रिय अभियान संचालन छ । यसको कार्यक्रम संचालन कार्यविधिलाई सम्पूर्ण सरोकार वालाले पालना गर्नु पर्ने हुन्छ ।

प्रत्येक जिल्लामा घांसको स्रोत केन्द्र बनाउनु पर्दछ । जई घांसको बीउ उत्पादन गर्न कृषक कहां प्रेरणा जगाउने र जिल्लाको माग र आपूर्तीमा सामन्जस्यता ल्याउने । बर्सिम, भेच विशिष्ट वातावरण भएका जिल्ला र चरन फार्ममा मात्र उत्पादन गर्ने नेपियर, ग्वाटेमाला, डेस्मोडियम आदिको कटिंग पनि सार्ने । प्रत्येक जिल्लामा एउटा डालेघांस नर्सरी घांसको खेती गर्ने उत्कृष्ट कृषक तयार पारी अन्य क्षेत्रमा पनि संदेश फैलाउने । Urea mineral molasses block (UMMB) बनाउन कृषकमा दक्षता अभिबृद्दि गरी सुख्खा मौसममा आहाराको सुनिश्चिता गरीनेछ । Total mix ration (TMR) लाई समेत बढावा दिई पशु पोषणलाई सरलीकृत गरीनेछ ।

कृषक, प्राविधिकको क्षमता विस्तार गर्ने तालीम, भ्रमण राखीएको छ । फार्ममा यान्त्रीकरण गर्ने, हिउंदमा पोषिलो आहारा पुर्याउने कार्यक्रम पनि समावेश गरीएको छ । गुणस्तरीय घांस उत्पादन गरी वीउ सुकाई ग्रेडिंग गरी संकलन गरी राख्ने । घांसको वीउमा हुने आद्रता, उमार शक्ति तथा एकै घांसको वीउ रहने अवस्थाको सिर्जना फार्मले गरी गुणस्तरी कायम राख्नेछ । बिउलाई संरक्षण गर्न सिड बीनलाई अनुदान तथा सहकार्यमा वितरण गरीने छ ।

कृषक तथा प्राविधिकमा प्राविधिक ज्ञान निरन्तर उपलब्ध गराउने । घांसको वीउको वजार संजाल निर्माणमा सहयोग गर्ने । घासेबाली तथा घासको बीउको बजार मूल्य श्रृड.खला निर्माणमा पशु सेवा विभागको सदैव प्रत्यक्ष सहयोग रहिआएको छ।

भविष्यमा गरीने कार्यहरु :

१. घांसेबालीमा विमा गर्ने ।

२. तस्रो चौमासिकमा घांसको वीऊ किन्ने रकम राख्ने ।

३. १ हेक्टर जई रोपेमा २० हजार अनुदान, १ हे.बर्सिम रोपेमा २० हजार अनुदान दिने नीतिगत व्यवस्था गर्ने ।

४. बर्षिम, जई, भेचमा लाग्ने किरा परजीवी विरुद्ध औषधिको व्यवस्थापन समयमा नै जिल्ला पशु सेवा कार्यालयहरु तथा चरन फार्मले गर्ने ।

५. विउ किन्ने सुनिश्चित फार्म तथा जिल्ला पशु सेवा कार्यालयहरुले गर्ने ।

६. फोरेज मिसन सफल पार्न नार्क निजी क्षेत्र, सहकारी र अन्य सरकारी तथा गैर सरकारी क्षेत्रसंग सहकार्य गर्ने ।

७. भविष्य वा आगामी बर्षमा संचालन गर्ने कार्यक्रमको कार्य विधि यसै साल स्वीकृत गराउने ।

८. नेपालमा खेती गर्न योग्य घांसेवालीको रजिष्ट्रेसन गर्न नार्कसंग समन्वय गर्ने ।

उपसंहार :

पशु आहारामा हरीयो घांस खुवाएर ३३% उत्पादन लागत घटाउन सकिन्छ । पशु स्वास्थ्य तथा पशुको प्रजनन् स्वास्थ्यमा समेत हरीयो घांसले सकारात्मक प्रभाव पार्दछ । हिउंदको सुख्खा याममा हरीयो घांसको उपलव्धता बढाई दुध र मासु उत्पादनमा बढोत्तरी समेत हुदैछ । यो कार्यक्रमबाट, राइजोवियम तथा विउ विजन प्रयोगशाला, चरन तथा घांसेवाली वीउ बृद्धि फार्महरु, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र तथा जिल्ला पशु सेवा कार्यालयहरुको क्षमता अभिवृद्धि गर्नेछ ।

घांसको विउको Moisture%, Purity तथा germination test गरी गुणस्तरीय वीउ मात्र किसान समक्ष पुर्याउने र घांसेवालीका मूल्य श्रृङ्खला विकास गरी निजी क्षेत्रको सहभागीता सुनिश्चित पार्ने ।

मुल वीउ उत्पादन नार्कमा गर्ने । घांसको वीउको पंजीकरण गर्ने र श्रोत केन्द्र व्यवस्थित गर्ने । घांसको वीउको लागी प्रत्येक जिल्ला तथा फार्ममा घुम्ती कोष (Revolving Fund ) संचालन गरी घांसको बिऊमा आत्म निर्भर बनाउने । फोरेज मिसन मात्रै घांस तथा घांसेवाली गर्ने कार्यक्रम नभई निक्षेपित कार्यक्रम अलावाको कार्यक्रम हो । तसर्थ जिल्लाको पशु आहाराको वर्तमान् अवस्थालाई मध्य नजर गरी फोरेज मिसन तथा निक्षेपित कार्यक्रम दुवैवाट पशु आहाराको उपलव्धता सुनिश्चित पार्नु पर्ने हुन्छ ।